नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुर**

**२०८० सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडबृद्धि) को समयतालिका सम्बन्धी सूचना**

राष्ट्रिय परीक्षा बोर्डको मिति २०८०।१०।०७ को निर्णयानुसार २०८० सालको माध्यमिक शिक्षा परीक्षा (SEE) देहायबमोजिमको समयतालिका अनुसार सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# समयतालिका

**परीक्षा सञ्चालन समय : बिहान ८.०० बजेदेखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०८० साल चैत्र १५ गते बिहीबार | अनिवार्य अङ्ग्रेजी (नियमित तथा ग्रेडबृद्धि) |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत रचना/अनिवार्य अङ्ग्रेजी |
| | | मदर्सातर्फ : अनिवार्य अरेबिक भाषा/अनिवार्य अङ्ग्रेजी |
| | | ग्रेडबृद्धि : अनिवार्य अङ्ग्रेजी/अनिवार्य संस्कृत भाषा र साहित्य (वेदविद्याश्रमतर्फ) |
| २ | २०८० साल चैत्र १६ गते शुक्रबार | अनिवार्य नेपाली (नियमित तथा ग्रेडबृद्धि) |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी (Elective English) |
| ३ | २०८० साल चैत्र १८ गते आइतबार | अनिवार्य गणित (नियमित तथा ग्रेडबृद्धि) |
| ४ | २०८० साल चैत्र २० गते मंगलबार | अनिवार्य विज्ञान तथा प्रविधि |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : शुक्लयजुर्वेद/सामवेद/ऋगवेद/अथर्ववेद/नीतिशास्त्र/अनिवार्य विज्ञान तथा प्रविधि |
| | | मदर्सातर्फ : सिरत र इस्लामी/अनिवार्य विज्ञान तथा प्रविधि |
| | | ग्रेडबृद्धि : अनिवार्य विज्ञान, अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद (वेदविद्याश्रमतर्फ) |
| ५ | २०८० साल चैत्र २१ गते बुधबार | अनिवार्य सामाजिक अध्ययन (नियमित तथा ग्रेडबृद्धि) |
| | | प्राविधिक धारतर्फ :अनिवार्य सामाजिक अध्ययन/ऐच्छिक गणित |
| | | संस्कृत/वेदविद्याश्रमतर्फ : संस्कृत भाषा तथा व्याकरण |
| | | ग्रेडबृद्धि : Farm Management and Marketing, Engineering Drawing, Computer Repair and Maintenance (प्राविधिक धारतर्फ) |
| ६ | २०८० साल चैत्र २२ गते बिहीबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक प्रथमपत्रका सबै विषयहरू (नियमित तथा ग्रेडबृद्धि) |
| | | प्राविधिक धारतर्फ : Animal Health, Industrial Agriculture and Fish Culture, Data Structure and OOP Concept Using C++, Building Construction and Drawing, Electrical Machine, शास्त्रीय संगीत |
| | | ग्रेडबृद्धितर्फ : बेद वा नीतिशास्त्र (वेदविद्याश्रमतर्फ), ऐच्छिक गणित (प्राविधिक धारतर्फ) |
| ७ | २०८० साल चैत्र २३ गते शुक्रबार | साधारण तथा संस्कृत/वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू (नियमित तथा ग्रेडबृद्धि) |
| | | प्राविधिक धारतर्फ : Dairy Product Technology, Food Crop Production, Computer Hardware, Electronics Repair & Maintenance, Highway Engineering, Basic Electronics, नेपाली लोक संगीत |
| | | ग्रेडबृद्धि : Aquaculture and Fisheries, Electrical Measurement and Instrument, Computer Networks, Engineering Surveying (प्राविधिक धारतर्फ), ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू (वेदविद्याश्रमतर्फ) |
| ८ | २०८० साल चैत्र २४ गते शनिबार | **प्राविधिक धारतर्फ** :<br>**नियमित** : Veterinary Laboratory Technology, Horticulture Crop Production, Data Based Management System, Engineering Surveying, Industrial Installation and Maintenance, पाश्चात्य संगीत<br>**ग्रेडबृद्धि** : Vegetable and Medicinal plant Production, Dairy and Dairy Products, Utilization of Electrical Energy, Database management System, Building Construction |
| ९ | २०८० साल चैत्र २५ गते आइतबार | **प्राविधिक धारतर्फ** :<br>**नियमित**: Aquaculture and Fisheries, Floriculture and Nursery Production, Digital Design & Microprocessor, Estimating, Costing and Supervision, Utilization of Electrical Energy, Optional subject (गायन/वादन/नृत्य)<br>**ग्रेडबृद्धि**: Crop production, Small Ruminant Production and Management, Electronic device and circuit, Water resources Engineering |
| १० | २०८० साल चैत्र २६ गते सोमबार | ग्रेडबृद्धि : अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, कर्मकाण्ड/फलित ज्योतिष (वेदविद्याश्रमतर्फ), अनिवार्य संस्कृत भाषा (संस्कृततर्फ), Industrial Entomology and Mushroom, Animal health–II, Electrical Machine, Microprocessor, Highway Engineering (प्राविधिकधारतर्फ) |
| ११ | २०८० साल चैत्र २७ गते मंगलबार | ग्रेडबृद्धि : Floriculture and Nursery Management, Veterinary Laboratory Techniques, Industrial Installation and Maintenance, Object Oriented Programming, Estimating Costing and Supervision (प्राविधिकधारतर्फ) |

**द्रष्टव्य**

१. नयाँ पाठ्यक्रम तर्फ ७५ पूर्णाङ्कको लिखित परीक्षाको समय ३ घण्टा र ५० पूर्णाङ्कको लिखित परीक्षाको समय २ घण्टा हुनेछ । ग्रेडबृद्धि परीक्षाको हकमा पूर्णाङ्क र परीक्षा समय पुरानै पद्धति अनुसार हुनेछ ।

२. कुनै आकस्मिक बिदा पर्न गएमा पनि राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन ।

३. नियमित तथा ग्रेडबृद्धि दुबै समूहतर्फको परीक्षा उल्लिखित तालिका अनुसार एउटै समयमा हुनेछ । नियमित, प्राविधिक तथा ग्रेडबृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको परीक्षा केन्द्र एउटै हुनेछ ।

४. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।

५. परीक्षा केन्द्रहरूको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइहरूबाट हुनेछ ।

६. तोकिएको केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

७. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । प्रवेशपत्रमा उल्लिखित सिम्बोल नम्बर परिवर्तन हुनेछैन । कोड नम्बरमा परीक्षा दिइएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

८. SEE दिने अपाङ्गता भएका परीक्षार्थीको सहजीकरणका लागि केन्द्राध्यक्षले सम्बन्धित विद्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

९. नियमित तथा ग्रेडबृद्धि दुबै समूहका परीक्षार्थीहरूको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।

१०. परीक्षा सम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नं. हरू ६६३०७३९ र ६६३००७० मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को website:www.see.gov.np मा पनि हेर्न सकिनेछ ।

| |
|---|
| परीक्षार्थीले रजिष्ट्रेशन/परीक्षा आवेदन फाराम भर्दा फारममा उल्लेख गरेको जन्ममिति र नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक परेमा फरक परेको विवरण संशोधन गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०८१ साल वैशाख मसान्त भित्रमा अनिवार्यरूपमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा सिधै यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण नतिजा प्रकाशन भएको मितिले पाँच वर्षभित्र तोकिए बमोजिमका कागजातका आधारमा मात्र संशोधन हुने व्यहोरा जानकारी गराइन्छ । |

\- नियन्त्रक